# बबई राजपत्र

## बबई गाउंपालिकाद्वारा प्रकाशित

खण्ड : ३) बबई, दाङ, (संख्या : १ मिति : २०७६/१२/२९

## भाग-२

## बबई गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७६

**प्रस्तावना** :- बबई गाउँपालिकाले गाउँपालिकाका जनताहरुलाई चुस्त दुरुस्त र सर्वसुलभ दरमा ठुला यान्त्रिक उपकरण उपलब्ध गराउने उद्देश्यले यो कार्यविधि निर्माण गरिएको छ । गाउँपालिकाले खरिद गरेका ठुला यान्त्रीक उपकरण सञ्चालन, भाडा दर, पारिश्रमिक, मर्मत सम्भार सम्वन्धि व्यवस्था यसमा गरिएको छ। गाउँपालिका वासीहरुलाई विकासका गतिविधि तथा भौतिक निर्माणमा विशेष सहुलियत प्रदान गर्नका लागि यो कार्यविधि निर्माण गरिएको हो । यस कार्यविधि निर्माण पश्चात गाउँपालिकाका विभिन्न विकास र निर्माणका काममा तदारुकताका साथै सहुलियतमा विकास निर्माणको काम गर्न यहाँका नागरिक र उपभोक्ता समितिहरुलाई सहज हुनेछ। बबई

गाउँपालिकाको मिति २०७६।०८।१८ गते कार्यपालिकाको बैठकले 'यान्त्रीक साधन सञ्चालन सम्वन्धि कार्यविधि २०७६' पारित गरिएको छ ।

परिच्छेद : १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम"**बबई गाउँपालिकाका यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७६**" रहने छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क) 'गाउँपालिका' भन्नाले बबई गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ख) 'यान्त्रिक साधन' भन्नाले बबई गाउँपालिकाले पूर्वाधार विकास र सरसफाई कार्यमा सञ्चालनमा ल्याएका एक्साभेटर, डोजर, टिप्पर, रोलर, ट्र्याक्टर, पानी ट्यांकर लगायत यस्तै प्रकृतिका अन्य साधन भन्ने सम्झनुपर्दछ ।

(ग) 'यान्त्रिक साधन संचालन समिति' यो कार्यविधि वमोजिम बबई गाउँपालिकामा रहेका यान्त्रिक उपकरण संचालन एवं व्यवस्थापन गर्नका लागि गठित समितिलाई जनाउँछ ।

(घ) 'वडा कार्यालय' भन्नाले बबई गाउँपालिका अन्तर्गतका ७ वटा वडा कार्यालयहरु भन्ने सम्झनुपर्दछ ।

(ङ) 'भाडादर' भन्नाले विभिन्न यान्त्रिक साधन प्रयोग गरे वापतको भाडादर भन्ने सम्झनुपर्दछ ।

(च) 'चालक' भन्नाले सम्वन्धित यान्त्रिक उपकरण चलाउनका लागि नेपाल सरकारबाट लाइन्सेस प्राप्त व्यक्ति सम्झनुपर्दछ ।

(छ) 'हेल्पर' भन्नाले यान्त्रिक उपकरण साधनको सुरक्षा र हेरचाह गर्ने चालकलाई सघाउने व्यक्ति भन्ने वुझिनेछ ।

**३.कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछ :

(क) सुलभ दरमा स्काभेटर, डोजर, टिप्पर, रोलर, ट्रेक्टर र पानी ट्याङ्कर उपलब्ध गराउने ।

(ख) विकास निर्माणका काममा तत्काल सक्रियता देखाउने ।

(ग) गाउँपालिकाका भौतिक विकासका कामहरु तत्काल गर्ने ।

## परिच्छेद : २

**४. कार्यविधि कार्यान्वयन प्रक्रिया :**

**क. 'बबई गाउँपालिकाको यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७६' अनुसार यान्त्रिक उपकरण साधनको सेवाशुल्क निम्नानुसार लिईनेछ ।**

१.व्याकहो लोडर सेवाशुल्क इन्धन बाहेक प्रतिघण्टा रु ९०० (नौ सय)

२. व्याकहो लोडर ईन्धन हालेर प्रति घण्टा रु १८०० (एकहजार आठ सय)

**ख** .रोलर सेवाशुल्क प्रतिदिन रु ६००० ( ६ हजार) छ घण्टा सम्म मात्र, त्यस पछि प्रति घण्टा रु. १५०० (एक हजार पांच सय)

**ग**. १. टेक्टर सेवाशुल्क प्रतिदिन तेल नहालेर रु २५०० (दुई हजार पाँचसय मात्र)

२. टेक्टर सेवाशुल्क प्रतिदिन तेल हालेर रु ४००० (चारहजार मात्र)

**घ**. पानी ट्याङ्कर इन्धन हालेर प्रति ट्रिप रु १५०० (पन्ध्र सय)

**५. 'यान्त्रिक साधन सञ्चालन कार्यविधि २०७६' अनुसार यान्त्रिक उपकरणमा कामगर्ने चालक र सहचालकको सेवा लिए वापत पारिश्रमिक निम्नानुसार उपलब्ध गराइनेछ ।**

**१. व्याकहो लोडरचालक**

क) मासिक पारिश्रमिक रु १०,००० ।-

ख) भत्ता प्रतिघण्टा रु १०० ।-

**२. डोजर हेल्पर**

क) मासिक पारिश्रमिक रु ५,०००।-

ख) भत्ता प्रतिघण्टा रु ५०।-

**३. रोलर चालक**

क) मासिक पारिश्रमिक रु १२,५०० ।-

ख) भत्ता प्रतिदिन रु १००० ।-

**४. रोलर हेल्पर**

क) मासिक पारिश्रमिक रु ५०००।-

ख) भत्ता प्रतिदिन रु ५००।-

**५. टेक्टर चालक**

क) मासिक पारिश्रमिक रु १८,००० ।-

**६. टेक्टर सहचालक**

क) मासिक पारिश्रमिक रु १०,००० ।-

यान्त्रिक साधन चालक अनुभवी र दक्ष हुनुपर्नेछ। यान्त्रिक उपकरण साधनको पूर्ण जिम्मेवारी लिनुपर्नेछ।

**७. आर्थिक सञ्चालन सम्बन्धि**

१) बबई गाउँपालिकाभित्र रहेका यान्त्रिक उपकरण साधन संचालन एवं व्यवस्थापन गर्न तपसील बमोजिमको संचालन समिति रहनेछ।

१. टंकराज विश्वकर्मा अध्यक्ष
२. मानवहादुर कामी सदस्य
३. रणविर खत्री सदस्य
४. हिरालालवली सदस्य
५. तेजेन्द्र बहादुर घर्ती सदस्य सचिव

२) यान्त्रिक उपकरण साधन संचालन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) गाउँपालिकामा रहेका हेभि मेसिनरी उपकरणहरुको उचित परिचालन र व्यवस्थापन गर्ने।

ख) गाउँपालिकावाट हुने विकास निर्माणमा हेभि मेसिनरी उपकरणहरु शुल्क सहित वा शुल्क रहित परिचालन गर्ने।

ग) गाउँपालिकावाट हुने विकास निर्माणमा निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई भाडामा दिने ।

घ) ड्राईभर, हेल्परलाई पारिश्रमिक उपलव्ध गराउने ।

ङ) आम्दानी खर्चको हिसाव किताव राख्ने ।

च) हेभी मेसिनरी उपकरणको मर्मत संभार गर्ने ।

छ) आर्थिक रुपमा पारदर्शी बनाउनका लागि सञ्चालक समितिले यान्त्रिक उपकरण साधन परिचालन र मर्मत सम्भार खाता सञ्चालन गर्नेछ ।

ज) समितिले मासिक रुपमा कार्यपालिकाको बैठकमा आम्दानी तथा खर्च विवरण पेश गर्नेछ ।

झ) आवश्यकता अनुसार कार्यविधिलाई कार्यपालिकाको वहुमतले परिमार्जन गर्न सक्नेछ ।

ञ) यान्त्रिक उपकरण साधन सञ्चालनका सन्दर्भमा केही आर्थिक नोक्सानी देखिएमा गाउँपालिकाबाट पेश्की रकम लिएर काम गर्न सकिनेछ ।

## ८. गाडी मर्मत सम्बन्धि व्यवस्था

क) गाडी मर्मतका लागि विषय खुलाई फाराम भरेर प्राविधिक र समितिको सिफारिसमा मात्रै मर्मत गरिनेछ ।

## ९. अन्य व्यवस्था

क) यान्त्रिक उपकरण सञ्चालन सम्वन्धमा लगवुक वनाएर त्यसैमा सम्पूर्ण कामको विवरण यान्त्रिक उपकरण चालकले राख्नुपर्नेछ ।

ख) यान्त्रिक उपकरण साधन व्यक्ति वा समितिलाई आवश्यक परेमा विवरण खुलाई निवेदनका साथमा कार्यालयमा रहेको फाराम अनिवार्य रुपमा भर्नुपर्नेछ ।

***आज्ञाले,***

***भीष्म कुमार मल्ल***

***प्रमुख प्रशासकीय अधिकृत***